०७८-५७५३९६, ०७८-५७५०१०
ईमेल: Devchulimunicipality@gmail.com

# देवचुली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (बर्दघाट,सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७७/०७८
चलानी नं. : ४४३८

मिति : २०७८।३।१

श्री देवचुली नगरपालिका क्षेत्रका सवै वडा कार्यालयहरु

श्री देवचुली नगरपालिका क्षेत्रका सम्पूर्ण उपभोक्ता समितिहरु

श्री देवचुली नगर पालिका क्षेत्र भित्रका सम्पूर्ण संघ, संस्था तथा सरोकारवालाहरु

विषय :- रकम भुक्तानीका लागि कागजात पेश गर्ने सम्वन्धमा ।

यस नगरपालिका कार्यलयबाट हुने आर्थिक कारोवार सूत्र प्रणाली मार्फत हुने व्यहोरा सवैलाई अवगत नै छ । साल तमामको अन्तमा सूत्र प्रणालीमा समस्या देखिने, ढीलो गरी चल्ने बिगतको समस्या समेत दोहोरिन सक्ने भएको र असार २५ गते पछि सवै आर्थिक कारोवार बन्दगर्नका लागि तालुक निकायबाट समेत निर्देशन भए अनुसार यस नगरपालिका क्षेत्रमा संचालित आ.व. २०७७/०७८ का सम्पूर्ण योजना/कार्यक्रमहरु तपसिल अनुसारको अबधि भित्र कार्य सम्पन्न गरी आवश्यक कागजात सहित उक्त कार्यको रकम भुक्तानीका लागि पेश गर्नुहुन र तोकिएको समय अवधि पश्चात पेशहुन आएका कागजातहरुका सम्वन्धमा यस नगरपालिकाबाट भुक्तानी प्रकृया अगाडि बढाउन कठिनाइ पर्ने व्यहोरा समेत सरोकारवाला सम्बन्धित सवैको जानकारीका लागि अनुरोध छ ।

संघीय सरकारको शसर्त कार्यक्रम, प्रदेश सरकारका शसर्त कार्यक्रम, स्थानीय पूर्वाधार र प्रदेश पूर्वाधार तर्फका कार्यक्रमहरुका हकमा २०७८/३/१५ गते भित्र कार्य सम्पन्न गरी पेश हुन आएका योजना/कार्यक्रमहरुको २०७८/३/२० भित्रमा भुक्तानीका लागि पहल गरिने छ । २०७८/३/२५ पश्चात भुक्तानी हुन बाँकी रहेका योजना/कार्यक्रमहरुका रकम सम्वन्धित निकायमा फ्रिजहुने गरी फिर्ता पठाउनु पर्ने छ ।

यस नगरपालिकाको स्रोतबाट संचालित अन्य योजना/कार्यक्रमहरुका हकमा २०७७/३/२० गते भित्र सवै भुक्तानी प्रकृया यस कार्यलयबाट सम्पन्न गर्नि छ ।

(गोविन्द सिग्देल)
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner